# नेपाल मातृ मृत्यु अध्ययन २०७८

## सुदूरपश्चिम प्रदेशको तथ्यगत सार *(Fact Sheet)*

नेपाल सरकार
**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**
जनसङ्ख्या व्यवस्थापन महाशाखा
रामशाहपथ, काठमाडौं, नेपाल

पन्ध्रौं योजना एवम् दिगो विकास लक्ष्यअनुसार नेपालले सन् २०३० सम्ममा मातृ मृत्यु अनुपात प्रति लाख जीवित जन्ममा ७० पुर्‍याउने लक्ष्य लिएको छ । स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय तथ्याङ्क कार्यालय, नेपाल स्वास्थ्य अनुसन्धान परिषद् र स्वास्थ्य विकास साझेदारहरूको संयुक्त प्रयासमा राष्ट्रिय तथा प्रादेशिक स्तरमा मातृ मृत्युको अवस्था र मातृ मृत्युको कारणहरू पहिचान गर्नका लागि नेपालमा पहिलो पटक राष्ट्रिय जनगणनासँगै मातृ मृत्यु सम्बन्धी अध्ययन पूर्ण गणनाको रूपमा सम्पन्न भएको छ । यस अध्ययनको निष्कर्षले सबै तहहरूमा तथ्यपरक नीति र कार्यक्रम निर्माण गरी मातृ स्वास्थ्यमा सुधार ल्याउन सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ ।

यस अध्ययनमा राष्ट्रिय जनगणनामा खटिएका गणकले प्रजनन् उमेर समूह (१५-४९ वर्ष) का महिलाको मृत्यु भएको सूचना उपलब्ध गराएपश्चात् तालिम प्राप्त स्थानीय स्वास्थ्यकर्मीले प्रत्येक मृतक महिलाको घरपरिवारमा गई गर्भावस्थासँग सम्बन्धित मृत्युको पहिचान गरी मौखिक जाँचबुझ (Verbal Autopsy) मार्फत विस्तृत विवरण सङ्कलन गरिएको थियो । विषय विज्ञद्वारा मौखिक जाँचबुझको आधारमा मातृ मृत्युको सम्भावित कारण पत्ता लगाइएको थियो । अध्ययन अवधिको एक वर्षमा (२०७८ मङ्सीर ९ गतेभन्दा अगाडि विगत १२ महिना) नेपालमा कुल ६२२ मातृ मृत्यु पत्ता लागेकोमा ११ वटा मृत्युको केही जानकारी अपुग भएकोले मृत्युको कारण विश्लेषण गर्न जम्मा ६११ वटा मातृ मृत्युलाई आधार मानिएको छ भने मातृ मृत्युको अनुपातका लागि ६२२ मातृ मृत्युलाई आधार मानिएको छ । **सुदूरपश्चिम** प्रदेशमा ६० वटा मातृ मृत्यु पत्ता लागेकोमा तिनीहरू कै आधारमा मातृ मृत्युको अनुपात एवम् मृत्युको कारण सम्बन्धी विश्लेषण गरिएको छ ।




यस अध्ययनले नेपालमा अझै पनि धेरै मातृ मृत्यु गर्भावस्थाको समयमा रक्तस्राव र उच्च रक्तचाप जस्ता रोकथाम गर्न सकिने कारणले हुने देखाएको छ भने उल्लेख्य मृत्यु आत्महत्या जस्ता गैरप्रसूतिजन्य कारणले पनि भएको देखिन्छ । यसले मातृ मृत्यु निम्त्याउने तीन ढिलाइलाई थप न्यूनीकरण गर्दै स्वास्थ्य संस्थामा मातृ स्वास्थ्य सेवाको गुणस्तर र प्रेषण संयन्त्रमा सुधार तथा आपतकालीन यातायात व्यवस्थापनलाई बलियो बनाउनु पर्ने देखिन्छ । यस अध्ययनको सिलसिलामा प्रत्येक स्थानीय तहमा कम्तिमा एक जना स्वास्थ्यकर्मीले मातृ मृत्युको मौखिक जाँचबुझ सम्बन्धी सिप प्राप्त गरेकाले यस अध्ययनले समुदायमा आधारित मातृ मृत्यु निगरानी र प्रतिकार्य प्रणाली सुदृढ तथा विस्तार गर्ने बलियो आधार निर्माण गरेको छ ।

## नेपाल

### मातृ मृत्यु अनुपात

(प्रति लाख जिवित जन्म)

**नेपाल १५१**




जीवित जन्म

**४१२,९३५**

प्रजनन उमेर समूहका महिलाको मृत्यु

**१२,९७६**

# सुदूरपश्चिम प्रदेश

जीवित जन्म
४६,३०२

प्रजनन उमेर समूहका महिलाको मृत्यु
१,२३०

मातृ मृत्यु अनुपात (प्रति लाख जिवित जन्म) १३०

मातृ मृत्यु सङ्ख्या
६०

## जिल्लाअनुसार मातृ मृत्यु सङ्ख्या




## उमेर समूहअनुसार मातृ मृत्यु

(प्रतिशतमा)

| १५-१९ (वर्ष) | २०-२४ (वर्ष) | २५-२९ (वर्ष) | ३०-३४ (वर्ष) | ३५-४९ (वर्ष) |
|---|---|---|---|---|
| १२ | ४० | २२ | १५ | ११ |

## शैक्षिक स्तरअनुसार मातृ मृत्यु

(प्रतिशतमा)

| | |
|---|---|
| कहिल्यै विद्यालय नगएको/थाहा नभएको | ३७ |
| १-८ कक्षा | २५ |
| ९-१२ कक्षा | ३२ |
| स्नातक र माथि | ६ |

## स्थानअनुसार मातृ मृत्यु

(प्रतिशतमा)


स्वास्थ्य संस्था: ४०

अन्यत्र: ६०

- ३७ घरमा
- १० घरबाट स्वास्थ्य संस्था जादैं गर्दा
- १२ स्वास्थ्य संस्थाबाट स्वास्थ्य संस्थामा जादैं गर्दा

## स्थानीय तहअनुसार मातृ मृत्यु

(प्रतिशतमा)





## अवस्थाअनुसार मातृ मृत्यु

(प्रतिशतमा)





## प्रसव तथा सुत्केरी अवस्था/किसिम

(प्रतिशतमा)





## मातृ मृत्यु निम्त्याउने ढिलाइ

(प्रतिशतमा)




## मातृ मृत्युको मुख्य कारण

(प्रतिशतमा)



### मातृ मृत्यु अवस्था, स्थान र प्रसूतिको किसिमअनुसार मातृ मृत्यु सङ्ख्या

| जिल्ला/स्थानीय तह | मातृ मृत्यु संख्या | मातृ मृत्यु हुँदाको अवस्था | | | मातृ मृत्यु भएको स्थान | | प्रसूतिको किसिम | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गर्भावस्था | प्रसव | सुत्केरी | स्वास्थ्य संस्था | गैर स्वास्थ्य संस्था | सामान्य प्रसूति | औजार उपकरणको प्रयोग | शल्यक्रिया |
| **बाजुरा** | २ | १ | ० | १ | ० | २ | १ | ० | ० |
| बुढीनन्दा नगरपालिका | १ | १ | ० | ० | ० | १ | ० | ० | ० |
| त्रिवेणी नगरपालिका | १ | ० | ० | १ | ० | १ | १ | ० | ० |
| **बझाङ** | ३ | १ | ० | २ | ० | ३ | २ | ० | ० |
| बित्थडचिर गाउँपालिका | १ | ० | ० | १ | ० | १ | १ | ० | ० |
| थलारा गाउँपालिका | २ | १ | ० | १ | ० | २ | १ | ० | ० |
| **दार्चुला** | २ | १ | ० | १ | ० | २ | १ | ० | ० |
| नौगाड गाउँपालिका | १ | १ | ० | ० | ० | १ | ० | ० | ० |
| शैल्यशिखर नगरपालिका | १ | ० | ० | १ | ० | १ | १ | ० | ० |
| **बैतडी** | ८ | ३ | १ | ४ | ० | ८ | ५ | ० | ० |
| डिलासैनी गाउँपालिका | २ | १ | ० | १ | ० | २ | १ | ० | ० |
| दोगडाकेदार गाउँपालिका | ३ | २ | ० | १ | ० | ३ | १ | ० | ० |
| पुर्चौडी नगरपालिका | १ | ० | ० | १ | ० | १ | १ | ० | ० |
| पञ्चेश्वर गाउँपालिका | १ | ० | ० | १ | ० | १ | १ | ० | ० |
| सिगास गाउँपालिका | १ | ० | १ | ० | ० | १ | १ | ० | ० |
| **डडेलधुरा** | ६ | ३ | १ | २ | १ | ५ | २ | ० | ० |
| अमरगढी नगरपालिका | १ | १ | ० | ० | ० | १ | ० | ० | ० |
| अजयमेरु गाउँपालिका | ३ | १ | १ | १ | १ | २ | १ | ० | ० |
| आलिताल गाउँपालिका | १ | १ | ० | ० | ० | १ | ० | ० | ० |
| गन्यापधुरा गाउँपालिका | १ | ० | ० | १ | ० | १ | १ | ० | ० |
| **डोटी** | ४ | २ | १ | १ | १ | ३ | २ | ० | ० |
| दिपायल सिलगढी नगरपालिका | २ | २ | ० | ० | १ | १ | ० | ० | ० |
| के.आई. सिंह गाउँपालिका | १ | ० | ० | १ | ० | १ | १ | ० | ० |
| जोरायल गाउँपालिका | १ | ० | १ | ० | ० | १ | १ | ० | ० |
| **अछाम** | ७ | ३ | ० | ४ | ४ | ३ | २ | ० | २ |
| साँफेबगर नगरपालिका | १ | ० | ० | १ | ० | १ | १ | ० | ० |
| चौरपाटी गाउँपालिका | २ | ० | ० | २ | १ | १ | १ | ० | १ |
| मङ्गलसेन नगरपालिका | १ | १ | ० | ० | १ | ० | ० | ० | ० |
| ढकारी गाउँपालिका | १ | १ | ० | ० | ० | १ | ० | ० | ० |
| तुर्माखाँद गाउँपालिका | २ | १ | ० | १ | २ | ० | ० | ० | १ |
| **कैलाली** | १८ | ७ | ० | ११ | ११ | ७ | ६ | १ | ४ |
| चुरे गाउँपालिका | ५ | २ | ० | ३ | २ | ३ | २ | ० | १ |
| गोदावरी नगरपालिका | १ | ० | ० | १ | ० | १ | १ | ० | ० |
| गौरीगङ्गा नगरपालिका | ४ | १ | ० | ३ | ३ | १ | ० | ० | ३ |
| घोडाघोडी नगरपालिका | १ | ० | ० | १ | १ | ० | १ | ० | ० |
| टीकापुर नगरपालिका | ५ | ३ | ० | २ | ४ | १ | २ | ० | ० |
| धनगढी उपमहानगरपालिका | २ | १ | ० | १ | १ | १ | ० | १ | ० |
| **कञ्चनपुर** | १० | ४ | ० | ६ | ७ | ३ | २ | ० | ४ |
| शुक्लाफाँटा नगरपालिका | १ | ० | ० | १ | १ | ० | ० | ० | १ |
| बेदकोट नगरपालिका | २ | १ | ० | १ | २ | ० | ० | ० | १ |
| दोधारा चाँदनी नगरपालिका | ३ | २ | ० | १ | १ | २ | ० | ० | १ |
| लालझाडी गाउँपालिका | १ | ० | ० | १ | ० | १ | १ | ० | ० |
| पुनर्बास नगरपालिका | १ | १ | ० | ० | १ | ० | ० | ० | ० |
| बेलौरी नगरपालिका | १ | ० | ० | १ | १ | ० | ० | ० | १ |
| बेलडाँडी गाउँपालिका | १ | ० | ० | १ | १ | ० | १ | ० | ० |
| **सुदूरपश्चिम प्रदेश जम्मा** | ६० | २५ | ३ | ३२ | २४ | ३६ | २३ | १ | १० |

द्रष्टव्य: अध्ययन अवधिमा मातृ मृत्यु नभएका स्थानीय तहहरूलाई तालिकामा समावेश गरिएको छैन।